# गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
## पोखरा, नेपाल

**पत्र सङ्ख्याः २०८०/०८१**
**चलानी नं.:**

मितिः २०८०/०९/२५

## गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरूलाई सूचना !

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमहरूमध्येको **गण्डकी प्रदेशबाट ओलम्पिक खेलमा सहभागी खेलाडीहरूलाई प्रोत्साहन कार्यक्रम** रहेको र सो अनुसार गण्डकी प्रदेशबाट ओलम्पिक खेलकुद प्रतियोगिताहरूमा सहभागी भएका खेलाडीहरूलाई उत्प्रेरणा र हौसला प्रदान गर्न प्रोत्साहन स्वरूप नगद पुरस्कार र सम्मान पत्रले सम्मानित गर्ने कार्यक्रम भएको हुँदा सो कार्यक्रमा सहभागी हुन ईच्छुक ओलम्पियनहरूले तपसिलका कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अर्थात् मिति २०८०/१०/०२ गते अपरान्ह ४:०० बजे भित्र यस मन्त्रालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः**
**सम्मानित हुन चाहने ओलम्पियनहरूले निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरूः**

१) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
२) ओलम्पिक खेलमा सहभागिता जनाएको प्रमाण पत्रको प्रतिलिपि
३) बैकको नाम र खाता नं स्पष्ट खुलेको चेकको प्रतिलिपि

**पुनश्चः**
ओलम्पियनहरूलाई सम्मान गर्ने उपरोक्त कार्यक्रममा सहभागी हुनका लागि गण्डकी प्रदेश खेलकुद परिषद्, पोखरामा निवेदन दिईसक्नु भएका ओलम्पियनहरूले पुनः यस मन्त्रालयमा निवेदन दिनुपर्ने छैन ।

(शंकर प्रसाद बराल)
शाखा अधिकृत (आठौं तह)
खेलकुद शाखा